PAN 300847884

Regd No. 1075/064/065

# रिडी पावर कम्पनी लिमिटेड
# Ridi Power Company Limited

5th Floor, Trade Tower, Thapathali, Kathmandu

Ph: +977-1- 5111015/5111016, Email: ridipower@gmail.com, Website: www.ridipower.com.np

Ref. No.: २०६५/८०-१०५

मिति : २०७९/०९/२८

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाडौं ।

**विषय : लाभांशको सहमति तथा कम्पनीको बार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा, यस कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरेको ४० प्रतिशत बोनश र २.१० प्रतिशत कर प्रयोजनको लागि नगद लाभांश सम्बन्धमा श्री विद्युत नियमन आयोगबाट मिति २०७९/०९/२६ को पत्रानुसार सहमति प्राप्त भएको जानकारी गराउदछौं ।

कम्पनी ऐन २०६३ तथा प्रचलित कानुन अनुसार आर्थिक बर्ष समाप्त भएको छ महिना भित्र साधारण सभा सम्पन्न गर्नुपर्नेमा आर्थिक वर्ष २०७८/७९ को साधारण सभाको बैठक २०७९ साल पौष मसान्त भित्र सम्पन्न गर्न कम्पनी असमर्थ भएको व्यहोरा समेत जानकारी गराउन चाहन्छौं ।

भवदीय,

.............................
(कुबेरमणि नेपाल)
प्रवन्ध सञ्चालक

वोधार्थ:

१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार ललितपुर ।
२. श्री कम्पनी रिजष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौं ।
३. श्री सि.डि.एस.सी. एण्ड क्लियरीङ लिमिटेड, पुतलीसडक काठमाडौं ।

# विद्युत नियमन आयोग

(नेपाल सरकार विद्युत क्षेत्रको नियमक निकाय)

प.स. :२०७९/०८०
च.नं. 222

मिति २०७९।०९।२६

श्री रिडी पावर कम्पनी लिमिटेड
काठमाण्डौं ।

**विषय : बोनस शेयर वितरण गर्न सहमति प्रदान गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा तहाँ लिमिटेडले मिति २०७९।०८।१३ मा पेश गरेको निवेदन सम्बन्धमा कम्पनीको आ.ब. २०७८/०७९ को सञ्चित मुनाफाबाट हाल कायम रहेको चुक्ता पुंजी रु १,१०,६३,५८,०००। को ४० प्रतिशत बोनश शेयर (कर बाहेक) तथा २.१ प्रतिशत कर प्रयोजनको लागि नगद लाभांश प्रदान गर्न विद्युत नियमन आयोग नियमावली, २०७५ को नियम ४५ बमोजिम तपसिलका शर्तहरु पालना गर्ने गरी सहमति प्रदान गरिएको व्यहोरा आयोगको मिति २०७९।०९।२६ को १८१ औं बैठकको निर्णयानुसार अनुरोध छ ।

शर्तहरु

१. प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने निकाय तथा अन्य निकायबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ ।
२. प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनु पर्ने भएमा सम्बन्धित निकायमा सो कर बुझाउनुपर्नेछ ।
३. कम्पनीले आयोगबाट समय समयमा जारी भएको मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धि निर्देशन पालना गर्नुपर्नेछ ।
४. तहाँ अन्तर्गतका शेयरधनीहरु मध्ये कुनै शेयरधनी विद्युत सम्बन्धी आयोजना बनाई नेप्सेमा सुचिकृत कम्पनी भएमा हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्व स्वीकृति लिनुपर्नेछ ।
५. आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय-समयमा आदेश वा परिपत्र जारी गर्दा सोको परिपालना कम्पनीले गर्नुपर्नेछ ।

**बोधार्थ :**

**श्री धितोपत्र बोर्ड नेपाल, खुमलटार, काठमाण्डौं ।**

(साबित्रा पाण्डे)
शाखा अधिकृत

**विद्युत नियमन आयोग**
सानो गौचरण, काठमाडौं, नेपाल
इमेल: info@erc.gov.np। वेबसाइट: www.erc.gov.np
फोन नं: +९७७-१-४४२२४४२,४४३९००४, ४४४३३९०। फ्याक्स: +९७७-१-४४३२५८२